**बिषयः 2020-2021 विद्यालय-मा-फिर्ता अद्यावधिक**

प्रिय CPS समुदाय,

हामीले शरदमा विद्यालय फर्किनको लागि तयारी गरिरहँदा तपाईँको मार्गनिर्देशन र प्रतिक्रियाका लागि धन्यबाद। हामीले अप्रिलमा योजना बनाउन शुरू गर्यौं, र हामी यति धेरै प्रश्नहरु, दृष्टिकोणहरु र विचारहरूका लागि आभारी छौं जुन विगत धेरै हप्ताहरू र महिनाहरूमा साझा गरिएका छन्।

हामीले तपाईलाई योजना समितिहरू, लक्षित समुहहरू र 6,200 भन्दा बढी कर्मचारीहरू, अभिभावकहरु, विद्यार्थीहरु र समुदायका सदस्यहरूको सर्वेक्षणमा सहभागी भएर सुन्यौं। हामीले हाल का बोर्ड बैठकहरूमा रेकर्ड तोड्ने सहभागिता देखेका छौं।

**यसभन्दा अगाडि आज, CPS शिक्षा बोर्डले एक अगाडि बढ्ने योजनालाई अनुमोदन गर्‍यो जसले हाम्रा विद्यार्थीहरूका लागि सुरक्षा र शैक्षिक सफलताको उत्तम सन्तुलन प्रदान गर्ने हामी विश्वास गर्दछौं।** यो योजनाले विद्यार्थीहरूलाई 2-3 प्रति हप्ता ब्यक्तिगत निर्देशनमा फर्काउनेछ। किनकि कक्षा कोठा निर्देशन समावेश गर्ने कुनै पनि योजना पूर्ण रूपमा स्वास्थ्य जोखिम विना हुँदैन, हामी परिवारहरूलाई प्रोत्साहन गर्दछौँ जसका लागि 2020-2021 विद्यालय वर्षका लागि हाम्रो सिन्सिनाटी डिजिटल एकेडेमीको अन्वेषण गर्नका लागि व्यक्तिगत रुपमा निर्देशनले कुनै मतलब राख्दैन।

**विद्यालयहरु योजनाको भविष्य**

हाम्रा मार्गदर्शक सिद्धान्तहरू - सुरक्षा र स्वास्थ्य, सम्भव भएसम्म व्यक्तिगत रुपका सिकाई, समता, डाटाद्वारा चालित निर्णय लिने र वित्तीय उत्तरदायित्व - हाम्रा योजना बनाउने प्रक्रियामा अग्र भागमा रहन्छन्।

हाम्रो विद्यालयमा फिर्ती योजनाले तीन महत्वपूर्ण घटकहरू समावेश गर्दछः
(1)

**मिश्रित सिकाई:** यो मोडलले CDC ले सिफारिश गरेको छ-फिटको सामाजिक दूरी कायम राख्नको लागि हाम्रा विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गर्ने कुरा समावेश गर्दछ। प्रत्येक समूहले कक्षामा न्यूनतम दुई दिन प्रति हप्ता प्राप्त गर्नेछन् (सोमबार/मंगलबार वा बिहिवार/शुक्रवार) र बुधवारका दिन व्यक्तिगत रुपमा आलोपालो गरि उपस्थित हुनेछन्। विद्यार्थीहरू कक्षाकोठामा नभएका दिनहरुमा, तिनीहरूले सुदुर शिक्षा प्रयोग गर्नेछन्। विद्यार्थीहरू उनीहरूका विद्यालयहरुमा बस्नेछन्, र अन्य भवनहरू वा समुदाय स्थानहरूमा फैलिने छैनन्।

(2) **सिन्सिनाटी डिजिटल एकेडेमी:** व्यक्तिगत विद्यालयको वातावरणमा आफ्नो परिवार वा उनीहरूको विद्यार्थीको स्वास्थ्यको बारेमा चिन्तित आमाबाबु र अभिभावकहरूको लागि, पूर्णकालीन डिजिटल शिक्षण विकल्प उपलब्ध छ। हाम्रो सिन्सिनाटी डिजिटल एकेडेमी ले K-12 पाठ्यक्रम प्रदान गर्छ जसमा शिक्षकहरू र डिजिटल कक्षाकोठा पाठहरू दुबैको साथै भर्चुवल समय समावेश छ।

हाम्रो CPS परिवारहरूको छनौटहरूको हाम्रो पोर्टफोलियोमा यो विकल्प पहिल्यै भएकोमा हामी हर्षित छौं, किनभने धेरै जिल्लाहरू पूर्ण रुपमा अनलाइन विकल्प सुरू गर्न द्रुत रूपमा काम गरिरहेका छन्। हामी पाठ्यक्रमलाई अभिवृद्धि गर्नको लागि ग्रीष्मकालीनलाई खर्च गरिरहेका छौं र भर्नामा सम्भावित वृद्धिको लागि तयार छौं।

विशेष गरि, आगामी शैक्षिक वर्षको लागि सिन्सिनाटी डिजिटल एकेडेमीमा भर्ना हुने विद्यार्थीहरूले उनीहरूको हालको CPS स्कूलमा अर्को वर्षको लागि आफ्नो स्थान कायम राख्न सक्नेछन्। परिवारहरूले पनि प्रति सेमेस्टर यो छनौट गर्न सक्छन्। हाम्रो डिजिटल एकेडेमीमा अन्वेषण गर्न विद्यमान, मान्यता प्राप्त पूर्ण-सुदुर विकल्पमा इच्छुक भएका परिवारहरूलाई हामी उत्प्रेरित गर्दछौं।

यदि तपाईं यो विकल्पको बारेमा विचार गरिरहनुभएको छ भने, कृपया हाम्रो इच्छुक फारम पुरा गर्नुहोस् र तपाईंलाई सिन्सिनाटी डिजिटल एकेडेमीका प्रतिनिधिले सम्पर्क गर्नुहुनेछ।

(3) **दुर शिक्षामा द्रुत झुकाव गर्न सक्ने क्षमता:**
ग्रीष्मकालीन र शैक्षिक वर्ष दुबै अवधिभर, हाम्रो राज्य र समुदाय भित्र समग्र स्वास्थ्य र प्रसार जोखिमको बारेमा राज्यपाल डिवाइन (DeWine), ओहायो स्वास्थ्य विभाग, ओहायो शिक्षा बोर्ड र ह्यामिल्टन काउन्टी स्वास्थ्य विभागको निर्देशन पालन गर्न हामी निरन्तरता दिनेछौं। यदि आवश्यक भएमा हामी पूर्ण रूपमा सुदुर वातावरणमा संक्रमण गर्न तयार छौं।

हालको CDC मार्गनिर्देशनले सघन सरसफाई गर्नको लागि स्कूलहरूलाई दुईदेखि पाँच दिनको लागि बन्द गर्न र पुष्टि गरिएको घटनामा लक्षणहरूको अनुगमन गर्न सिफारिस गरेको कुरा याद राख्न जरुरी छ। यद्यपि हामीहरूले अहिले प्रकोपको स्थितिमा कहिले र कति लामो स्कूलहरूको बन्द हुन सक्छ भनेर अन्तिम निर्णयहरू गरिरहेका छौं, यो संक्रमणलाई छिटो र सहज बनाउनको लागि तयार हुन हामी सबै तयार हुन आवश्यक छ।

राज्य बन्द भएको बेलामा हामीले धेरै कुराहरू सिकेका थियौं, र हामीले अनुभव सुधार गर्ने बारेमा अभिभावक र कर्मचारीहरूबाट पनि प्रतिक्रिया प्राप्त गरेका छौं। फलस्वरुप, निम्नहरू सहित बसन्तमा भन्दा सुदुर सिकाइ निकै भिन्न देखिनेछ:

- एक स्थिर सुदुर शिक्षा अनुभव सुनिश्चित गर्न विस्तृत आवश्यकताहरू यथास्थानमा भएको,
- विद्यार्थी र परिवारहरूको लागि स्पष्ट सञ्चार,
- प्रविधि र वाईफाईमा पहुँच, र
- विशिष्ट पाठ्यक्रममा जोडिएको थप सशक्त पाठ्यपुस्तक प्याकेटहरू।

**स्वास्थ्य र सुरक्षा प्रोटोकलहरू**

हामी बुझ्छौं कुनै पनि स्कूलामा फर्कने योजनामा जोखिम हुनसक्छ। यसैकारण, हामीले स्वास्थ्य र सुरक्षा प्रोटोकोलहरूको विकास गर्न सिन्सिनाटी बाल अस्पतालसँग साझेदारी गरिरहेका छौं जसले हाम्रा कर्मचारीहरू, विद्यार्थी र परिवारहरूलाई सकेसम्म जोगाउन मद्दत गर्दछ।

यी प्रक्रियाहरू रोग नियन्त्रण केन्द्रहरू, विश्व स्वास्थ्य संगठन, र राज्यद्वारा आगामी केही हप्ताहरूमा प्रदान गरिने कुनै पनि निर्देशनहरूको आधारमा हुनेछ। हामी यो ग्रीष्मकालीन पछि विशिष्टताहरू साझेदारी गर्न सक्षम हुनेछौं, र यी प्रोटोकलहरूले निम्न कुराहरू समावेश गर्ने अपेक्षा गरेका छौं:

- घर तथा स्कूलमा स्वास्थ्य मुल्यांकनहरू, तापक्रम जाँचहरू, र कर्मचारी तथा विद्यार्थीहरूले मास्क-लगाउने सहित कठोर रोकथाम विधिहरू; र
- द्रुत निर्णय, संचार, र आवश्यकको रूपमा, COVID-19 को पुष्टि भएका मामिलाहरूको प्रत्युत्तरमा आइसोलेसन प्रोटोकलहरू।

**प्रविधिमा पहुँच**

हामी कक्षामा भए पनि वा सुदुर शिक्षाबाट सिकिरहेका भए पनि, प्रविधि र इन्टरनेट पहुँच हाम्रा विद्यार्थीहरूका लागि आवश्यक उपकरणहरू हुन्। घरपरिवारहरु बीचको डिजिटल असमानता हाम्रो जिल्लामा असमानताको सबैभन्दा ठूलो श्रोतहरू मध्ये एक हो। यसैकारण हामीले हाम्रो 1:1 उपकरण कार्यक्रम विस्तार गरिरहेका छौं, र 2-12 कक्षाका बच्चाहरूलाई घरमा लैजाने एउटा उपकरण हुनेछ जुन सुरक्षित छ र घरबाट काम गर्न आवश्यक पर्ने उपकरणहरू समावेश गर्दछ।

साथै, हामी ग्रेटर सिन्सिनाटी फाउन्डेशन र अन्य साझेदारहरूको सहयोगमा सिनसिनाटी बेल “हाम्रा विद्यार्थीहरूलाई जोड्ने” कार्यक्रमको हिस्सा हुन पाउँदा अविश्वसनीय रुपमा कृतज्ञ छौं। यो कार्यक्रमले सबै CPS विद्यार्थीहरूलाई वाईफाईमा निःशुल्क पहुँच दिनेछ, र हाल हाम्रा पाँच विद्यालयहरू, रकडेल एकेडेमी, साउथ एभन्डेल विद्यालय, हेज-पोर्टर एलिमेन्टरी विद्यालय, रबर्ट्स एकेडेमी र फेयरभ्यू-क्लिफ्टन जर्मन

भाषा विद्यालयका साथमा जुलाईसम्म एउटा पाइलट चरणमा छौं। हामी विद्यालय सुरु हुनुभन्दा अघि पूर्ण कार्यक्रम प्रक्षेपण गर्न सक्नेछौं भनेर अपेक्षा गर्दछौं।

कृपया थप विवरणहरूका लागि हाम्रो वेबसाइट मा भ्रमण गर्नुहोस्।

**कृपया तपाईंको सम्पर्क जानकारी अद्यावधिक गर्नुहोस्**
आज तपाईले लिन सक्ने सबैभन्दा महत्वपूर्ण कदमहरू मध्ये एक तपाईको घर ठेगाना, फोन र ईमेल अद्यावधिक रहेको सुनिश्चित गर्नु हो। **कृपया उक्त कार्य गर्नका लागि तपाईंको विद्यालय कार्यालय वा ग्राहक सेवालाई 513-363-0123 मा फोन गर्नुहोस्। यो जानकारी** नि: शुल्क इन्टरनेट जडानका लागि योग्यता पुष्टि सहित, तपाईं आफ्नो बच्चालाई एक ब्यक्तिगत रुपको कक्षाकोठामा फर्काउन चाहनुहुन्छ भन्ने बारेको सर्वेक्षण, विद्यालय विवरणहरू र सुरक्षा प्रोटोकलहरू, र यातायातको लागि महत्वपूर्ण भएको सहित **सबै परिवारहरूले यस ग्रीष्मकालीनमा अद्यावधिकहरू प्राप्त गरुन् भन्ने सुनिश्चित गर्नका लागि आवश्यक छ।**

**भविष्य अहिले हो**
2020-2021 विद्यालय वर्ष फरक हुँदा, यसले हाम्रा लागि पहिलेको भन्दा धेरै नवीन र लचिलो हुने नयाँ अवसरहरू सृजना गर्दछ। र यो सबैका माध्यमबाट, हाम्रो प्रतिबद्धता उही रहनेछ, शैक्षिक उपलब्धि, व्यक्तिगत कल्याण र जीविका तत्परताका माध्यमबाट हाम्रा विद्यार्थीहरूलाई जीवनका लागि तयार गर्नेछौँ। हामी यसबाट बाहिर सँगै र पहिले भन्दा राम्रो भएर निस्किनेछौं। बाटोमा तपाईंको सहयोगको लागि धन्यबाद।

भवदीय,
लौरा मिशेल
सुपरिटेण्डेन्ट